म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २७२ मंगलबार, ५ जेठ २०८३ ने. सं. ११४६ अनलाथ्व 19 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दश महिनामा ६ अर्ब राजश्व संकलन

हेटौंडा, ४ जेठ/आन्तरिक राजस्व कार्यालय मकवानपुरले चालु आर्थिक वर्ष २०८२/८३ को १० महिनाको अवधिमा करिब ६ अर्ब रुपैयाँ राजस्व उठाउन सफल भएको छ । कार्यालयले बक्यौता रकम असुल्ने प्रक्रियालाई तीव्रता दिनुका साथै बजार अनुगमनलाई बढाएपछि राजस्व संकलनमा उल्लेख्य सुधार आएको हो । कार्यालयप्रमुख युक्तप्रसाद सुवेदीकाअनुसार चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा कूल ५ अर्ब ९२ करोड ६४ लाख रुपैयाँ राजस्व संकलन भएको छ । यो रकम गत आर्थिक वर्ष २०८१/८२ को सोही अवधिको तुलनामा ३४ करोड २१ लाख २४ हजार रुपैयाँले बढी हो । कार्यालयले सार्वजनिक गरेको १० महिनाको तथ्यांक अनुसार सबैभन्दा धेरै अन्त:शुल्कतर्फ ३ अर्ब ४५ करोड ६२ लाख ६५ हजार रुपैयाँ संकलन भएको छ । आयकरतर्फ १ अर्ब २ करोड ४ लाख ९६ हजार रुपैयाँ, मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ ८२ करोड ७१ लाख ५२ हजार रुपैयाँ र स्वास्थ्य जोखिम करतर्फ ५१ करोड ९२ लाख ५९ हजार रुपैयाँ उठेको छ । ब्याजकरतर्फ ६ करोड ८३ लाख ७७ हजार रुपैयाँ र बहालकरतर्फ १ करोड ५९ लाख ८८ हजार रुपैयाँ राजस्व खातामा जम्मा भएको छ ।

# हेटौंडा स्कुल अफ म्यानेजमेन्टको शिक्षा संकाय अन्तर्गत नि:शुल्क भर्ना कार्यक्रम निरन्तर

## अन्तर्वार्तामार्फत छनोट प्रक्रिया अगाडि बढाइने

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/हेटौंडा स्कुल अफ म्यानेजमेन्टले शैक्षिक सत्र २०८३ का लागि पनि कक्षा ११ मा शिक्षा संकायअन्तर्गत नि:शुल्क भर्ना कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

शिक्षाक्षेत्रमा अग्रणी महाविद्यालयले सामाजिक उत्तर दायित्वको भावना र गुणस्तरीय शिक्षाको आवश्यकता महसुस गर्दै यसवर्ष पनि ३० जना विद्यार्थीलाई शिक्षा संकायमा शतप्रतिशत नि:शुल्क अध्ययनको अवसर दिने सोमबार आयोजित पत्रकार सम्मेलनमार्फत् जानकारी दिएको हो । कार्यक्रम अन्तर्गत् नेपाली, अंग्रेजी र गणित विषयका लागि १०-१० जना गरी जम्मा ३० जना विद्यार्थी छनोट गरिनेछन् । आवेदन दिएका विद्यार्थीको अन्तर्वार्तामार्फत छनोट प्रक्रिया अगाडि बढाइने प्रिन्सीपल पुरनबहादुर जोशीले बताएका छन् ।

गत शैक्षिक सत्र २०८२ मा पनि विद्यालयले ३० जना विद्यार्थीलाई नि:शुल्क भर्ना लिएको थियो । म्यानेजमेन्टको शिक्षाशास्त्र संकायकी संयोजक रमिता दर्लामीले शिक्षाशास्त्रको पठनपाठन प्रभावकारी



र लक्ष्यअनुसार नै भइरहेको जानकारी दिइन् । नवोदय शिशुसदनलाई ल्याव स्कूलको रुपमा प्रयोग गरेको निशुल्क पठनपाठन कार्यक्रमसँगै म्यानेजमेन्टले विद्यार्थीलाई नवोदयको शिक्षक तालिममा पनि सहभागी गराउने गरेको छ । जिल्लाबाहिर हुने शिक्षासम्बन्धी कार्यशाला गोष्ठी र सम्मेलनमा पनि विद्यार्थीको सहभागिता रहने गरेको दर्लामीले जानकारी दिइन् ।

गतवर्ष कक्षा-११ मा भर्ना भएर अध्ययनरत गरेका विद्यार्थीलाई आवश्यकताअनुसार भाषा, प्रस्तुती जस्ता क्षमता विकासका अन्य क्रियाकलाप गरिएको बताइएको छ ।

म्यानेजमेन्टका योजना तथा विकास निर्देशक दिपेश जोशीले निशुल्क शिक्षा कार्यक्रमबाट सन्तुष्ट रहेको उल्लेख गर्दै गत वर्ष ११ कक्षामा भर्ना भएका विद्यार्थीले कक्षा-१२ को शिक्षा पूरा गरेपछि थप सुधार र नयाँ रणनीति बनाउने बताए । आजको समयअनुकूल नयाँ शैक्षिकशैलीको अभ्यास गर्न नयाँशैलीमै शिक्षक तयार गर्ने प्रयासस्वरुप निशुल्क शिक्षाको कार्यक्रम ल्याएको उनको भनाइ थियो ।

प्रथम ब्याचका विद्यार्थीले शिक्षण सीप, व्यवहारिक ज्ञान तथा व्यक्तित्व विकासमा उल्लेखनीय प्रगति हासिल गरेको बताएका छन् । गतवर्ष ११ कक्षामा भर्ना भई अध्ययनरत अक्शा कार्कीले पढाई सुरु गरेको ३ महिनामै पूर्वप्राथमिक तहको कक्षा सम्हाल्न सक्ने आत्मविश्वास र सीप आर्जन गरेको बताइन् ।

परम्परागत शैलीमा नभई विद्यार्थीबीचमै अभ्यास, खोज र समस्या समाधानको शैलीमा कक्षा सञ्चालन गर्न सक्षम भएको कार्कीको भनाइ थियो । नवोदय शिशुसदन र नवोदय इनोभेसन सेन्टरसँगको सहकार्यमा सञ्चालन हुने कार्यक्रममा प्रशिक्षार्थीलाई कक्षाकोठामा प्रयोगात्मक सिकाइ, शिक्षण अभ्यास, कार्यशाला तथा विभिन्न शैक्षिक गतिविधिमार्फत् अनुभव प्रदान गरिनेछ ।

हप्तामा दुईदिन विशेषज्ञ शिक्षकमार्फत् मार्गदर्शन कक्षा सञ्चालन गरिनेछ । सो दिन विद्यार्थीका लागि नि:शुल्क खानाको व्यवस्था कलेजले गर्दै आएको छ । यसका साथै उपस्थिति र सहभागिताका आधारमा प्रशिक्षार्थी विद्यार्थीलाई प्रतिमहिना एक हजार रुपैयाँ प्याकेज खर्च उपलब्ध गराइने व्यवस्था पनि गरिएको छ ।

आवेदन दिएका विद्यार्थीको अन्तर्वार्ता जेठ ११ गतेदेखि सञ्चालन गरिने म्यानेजमेन्टले जनाएको छ । शिक्षा संकायका साथै हेटौंडा स्कुल अफ म्यानेजमेन्टमा विज्ञान, व्यवस्थापन, होटल म्यानेजमेन्ट, ब्यूटीसियन तथा हेयर डिजाइनिङ संकायमा पनि भर्ना खुलेको जनाइएको छ ।

विद्यालयले शैक्षिक प्रणालीलाई केवल सैद्धान्तिक ज्ञानमा सीमित नराखी व्यवहारिक, सृजनात्मक र जीवनोपयोगी बनाउने लक्ष्यकासाथ आधुनिक प्रयोगशाला, पुस्तकालय, सूचना प्रविधिमैत्री कक्षाकोठा तथा अनुभवी शिक्षकको टोलीमार्फत् गुणस्तरीय शिक्षामा जोड दिएको बताएको छ ।

# ढकमक्क फूलेका फूलले चम्कियो हेटौंडा



साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/हेटौंडा उपमहानगरका विभिन्न सडकक्षेत्रमा ढकमक्क फूलेका फूलले यतिबेला सहरको सौन्दर्यलाई थप आकर्षक बनाएको छ ।

सडक छेउ, डिभाइडर तथा सार्वजनिकस्थलमा रोपिएका रंगीचंगी फूलले हरितसहरको पहिचान बोकेको हेटौंडालाई 'फूलैफूलको सहर' का रुपमा थप परिचित गराइरहेको छ । हेटौंडा बजारक्षेत्रको मुख्य व्यापारिक केन्द्र कान्तिराजपथदेखि उपमहानगरभित्रका विभिन्न सडक, पार्क तथा सार्वजनिकस्थानमा फूलेका फूलले स्थानीयवासीसँगै आन्तरिक तथा बाह्य पर्यटकको ध्यान आकर्षित गरिहेका छन् । व्यवस्थितरुपमा सजाइएका फूल तथा हरियालीले सहरलाई स्वच्छ, शान्त र मनमोहक बनाएको छ ।

कान्तिराजपथस्थित डिभाइडर, भैरवरोड, हुप्राचौर, कमानेलगायत क्षेत्रका सडक किनार तथा सार्वजनिक स्थानमा विभिन्न प्रजातिका मौसमी फूल ढकमक्क फूलेका देख्न सकिन्छ । उपमहानगर पालिकाले १९ वटै वडामा फलफूल तथा मौसमी फूलका बिरुवा वितरण गर्दै वृक्षरोपण तथा हरियाली प्रवर्द्धन अभियानलाई निरन्तरता दिएको जनाएको छ ।

नगरलाई स्वच्छ, हरित र आकर्षक बनाउने उद्देश्यका साथ योजनाबद्धरुपमा हरियाली विस्तारमा लगानी गर्दै आएको उपमहानगर पालिकाले जनाएको छ ।

फूल तथा हरियाली व्यवस्थापनका लागि दैनिकरुपमा कर्मचारी परिचालन गरी संरक्षण, सरसफाइ तथा स्याहारसम्भारको काम समेत भइरहेको वातावरणशाखाले जानकारी दिएको छ । उपमहानगर पालिकाले आगामी पाँच वर्षभित्र ५० हजार बिरुवा रोप्ने लक्ष्यसहित हरियाली विस्तार अभियान सञ्चालन गरिरहेको छ । सडकक्षेत्रको फूल तथा सरसफाइ व्यवस्थापनका लागि करिब एक सय जनशक्ति परिचालन गरिएको वातावरण शाखाले जनाएको छ । हरियाली विस्तारसँगै हेटौंडाको सौन्दर्य, वातावरणीय सन्तुलन तथा पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

# बागमती गाउँपालिकामा मानवअधिकार सचेतना कार्यक्रम

हेटौंडा, ४ जेठ/पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा एकदिवसीय मानवअधिकार सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

गाउँपालिका-६ ठाडीखोला स्थित सीता आधारभूत विद्यालयमा कार्यक्रम आयोजना गरिएको हो । नेपाल मानवअधिकार संगठन मकवानपुरको आयोजना तथा बागमती प्रदेश सामाजिक विकास कार्यालयको सहयोगमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा संगठनका संस्थापक अध्यक्ष कृष्णप्रसाद दाहालले कार्यक्रमको उद्देश्यबारे जानकारी दिँदै स्वागत मन्तव्य व्यक्त गरेका थिए । संस्थापक अध्यक्ष दाहालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशकी मुख्य न्यायाधिवक्ता अप्सरा बस्नेत प्रमुख अतिथिका रुपमा सहभागी थिइन् ।

कार्यक्रम संयोजक शर्मिला श्रेष्ठले मानवअधिकारबारे जनचेतना अभिवृद्धि गरी नागरिकलाई अधिकारप्रति सचेत गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जानकारी दिइन् । कार्यक्रममा सामाजिक विकास कार्यालय प्रमुख शान्ति लामा, वडासदस्य सीता बिक, विद्यालयका प्रधानाध्यापक राजकुमार आले, विद्यालय व्यवस्थापन समिति अध्यक्ष दानबहादुर थिङ, रेडक्रस सभापति शंकर पराजुलीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि बस्नेतले मानवअधिकारसँगै कर्तव्य र नैतिकतालाई पनि समानरुपमा महत्व दिनुपर्ने बताइन् ।

उनले नैतिकता बिर्सेर अधिकार मात्रै खोज्नु उचित नहुने उल्लेख गर्दै सकारात्मक सोचका साथ जिम्मेवारीपूर्वक अघि बढ्नुपर्ने धारणा राखिन् । बस्नेतले मानवअधिकार सम्बन्धी प्रस्तुतीकरण दिँदै मानवजातिको अधिकार, कर्तव्य, नागरिकअधिकार तथा अधिकारका आधारभूत पक्ष र विशेषताबारे जानकारी गराएकी थिइन् । अधिवक्ता पम्फा पुरीले मानव अधिकारसम्बन्धी कानुनी प्रक्रियाबारे जानकारी दिँदै मानवअधिकार हनन, पीडित र पीडकको परिभाषा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सार्वजनिक अपराध तथा कानुनी प्रावधानबारे प्रस्तुतीकरण दिइन् ।

उनले पछिल्लो समय बालविवाह गरेका २३ देखि २८ वर्ष उमेर समूहका दम्पती सम्बन्धविच्छेदका लागि आउने क्रम बढेको जानकारी दिइन् । कार्यक्रममा मकवानपुर रिकभरिङ सेन्टरका सदस्य अशेष थापाले लागुऔषध दुर्व्यसनसम्बन्धी प्रस्तुतीकरण दिएका थिए । उनले लागुऔषध सेवनका लक्षण, त्यसबाट हुने असर, अभिभावकको भूमिका, प्रयोगकर्ताको पहिचान तथा बागमती प्रदेशमा लागुऔषधको अवस्थाबारे जानकारी गराएका थिए ।







साझाकुरा

## हाम्रो कुरा

# किसान, बजार र नीतिको असन्तुलन

बेमौसमी तरकारीको राजधानीकारुपमा परिचित दामन-पालुङ उपत्यका यतिबेला आलुखेती गम्भीर संकटको सामना गरिरहेको छ । थाहा नगर अन्तर्गतका दामन, पालुङ, बज्रवराही र चित्लाङ क्षेत्रका किसान लगानी नै नउठ्ने चिन्तामा पुगेका छन् । उत्पादन घटेको छ, मूल्य झन् खस्किएको छ, र बजार संरचनाले किसानलाई थप थिचेको छ । यो अवस्था केवल एक मौसमको असफलता होइन, दीर्घकालीन नीतिगत र संरचनागत कमजोरीको परिणाम हो । यसवर्ष वैशाख महिनामा नियमितजसो परेको पानीका कारण डढुवा रोग फैलियो । बोट समयअगावै मरे, दाना बढ्न पाएनन्, र किसान आलुखन्न बाध्य भए । उत्पादन घट्दा मूल्य बढ्नुपर्ने सामान्य बजार सिद्धान्त यहाँ लागू भएन । उल्टो, खेतमै सेतो आलु प्रतिकेजी १० र रातो १२ रुपैयाँमा बिक्री गर्न किसान बाध्य छन् । गतवर्ष यही आलु सेतो २० र रातो २५ रुपैयाँमा बिक्री भएको थियो । बजारमा भने उपभोक्ताले त्यही आलु ३०-४० रुपैयाँ तिरेर किन्नुपरेको छ । किसान र उपभोक्ताबीचको यो मूल्यअन्तर, यो ग्याप–कहाँ जान्छ ? यही प्रश्न आजको मूल बहस हो । सबैभन्दा पहिले, शीतभण्डारमा भण्डार संरचनाको अभाव किसानको सबैभन्दा ठूलो कमजोरी बनेको छ ।

सुरक्षित कोल्ड स्टोरेज वा सामूहिक भण्डारण केन्द्र नहुँदा किसानले तत्काल बिक्री नगरी विकल्प पाउँदैनन् । रोगका कारण बोट मरेपछि ढिला गर्नै सकिँदैन । यस्तो अवस्थामा व्यापारी खेतमै पुगेर न्यूनमूल्य तोक्छन्, र किसानसँग मोलमोलाइ गर्ने शक्ति रहँदैन । यो शक्ति असन्तुलन नै मूल्य निर्धारणको मूल समस्या हो । दोस्रो, बजारमा बिचौलियाको भूमिका पारदर्शी छैन । किसानबाट सस्तोमा उठाइएको आलु उपभोक्ताबीचमा तीनदेखि चारगुणा मूल्यमा पुग्दा पनि मूल्यश्रृंखलाको लाभ किसानसम्म फर्किँदैन । यातायात, ढुवानी, नोक्सानी, कर आदिको तर्क दिइए पनि यति ठूलो अन्तर जायज ठहरिन्न । मूल्यश्रृंखलाको अनुगमन, लागत विश्लेषण र मूल्यसूचना प्रणाली प्रभावकारी नभएसम्म किसान सधैं कमजोर धरातलमै रहनेछन् । तेस्रो, हामीकहाँ कृषिजोखिम व्यवस्थापन कमजोर छ । डढुवा जस्तो रोग हरेक वर्ष दोहोरिने समस्या हो । बीउको गुणस्तर, रोग प्रतिरोधी जात, समयमै प्राविधिक सल्लाह र बीमाप्रणाली प्रभावकारी भएमा क्षति धेरै हदसम्म घटाउन सकिन्थ्यो । तर, किसान अझै पनि प्रकृतिको भरमा खेतीगर्न बाध्य छन् । स्थानीय तहका कृषि शाखाले रोगको जानकारी दिएको भएपनि क्षतिपछि राहत वा मूल्य समर्थनको व्यवस्था देखिँदैन । उत्पादनक्षेत्रमै कोल्ड स्टोरेज र सामूहिक भण्डारण केन्द्र स्थापना अनिवार्य छ । सहकारी मार्फत् भण्डारण र सामूहिक बिक्री व्यवस्था मिलाउन सके किसानको मोलमोलाइ शक्ति बढ्छ । न्यूनतम समर्थन मूल्यको स्पष्ट व्यवस्था र कार्यान्वयन आवश्यक छ, कम्तिमा उत्पादन लागतसमेत नउठ्ने अवस्थालाई रोक्न ।

मूल्यश्रृंखलामा पारदर्शिता ल्याउन डिजिटल मूल्यसूचना प्रणाली र नियमित बजार अनुगमन कडाइका साथ लागू गर्नुपर्छ । डढुवा जस्ता रोगका लागि बीमा, क्षतिपूर्ति र रोगप्रतिरोधी बीउमा अनुदान विस्तार गर्नुपर्छ । दामन-पालुङ उपत्यका केवल आलु उत्पादन गर्ने भूगोल होइन, यो किसानको श्रम, जोखिम र आशाको प्रतीक हो । यदि आज किसानले लगानी नउठ्ने अवस्था भोगिरहे भने भोलि उत्पादन घट्नेछ, आत्मनिर्भरता कमजोर हुनेछ, तरकारी खेती गर्ने किसान पेशाबाट पलायन हुनेछन् र भारतीय तरकारी भित्रन बाध्यकारी अवस्था बन्ने छ । उपभोक्ताले झन् महँगो मूल्य तिर्नुपर्नेछ । त्यसैले यो संकटलाई 'किसानको समस्या' भनेर मात्र हेर्न मिल्दैन । तीन तहको सरकार किन चाहियो र ? यस्तो समस्यामा काम गर्दैन भने । यो बजार, नीति र राज्यको सामूहिक जिम्मेवारी हो । अबपनि समयमै हस्तक्षेप नगर्ने हो भने बेमौसमी तरकारीको राजधानी भनेर गर्व गर्ने आधार नै मासिनेछ । 'थाहा' आन्दोलनका प्रणेता रुपचन्द्र विष्टले २०३१ सालदेखि दामन र पालुङमा आलुमा कर लगाउन सुरु गरेका थिए । यो करबाट संकलन भएको रकम यसक्षेत्रको शैक्षिक विकास एवं भौतिक पूर्वाधारका लागि खर्च गरिँदै आएको थियो । यो कर अहिले नगरपालिकाले तोक्ने गरेको छ । यसक्षेत्रमा विसं २०१८ सालदेखि व्यावसायिकरुपमै आलुखेती सुरु गरिएको स्थानीयको भनाई छ । स्थानीयले तरकारी उत्पादन गरेर बिक्री गर्दाको अवस्थामा तिर्ने कर कहाँ गइरहेको छ त ? किसानले खोजी गर्ने र यो विषयमा बहस गर्न ढिलाई नगरौं ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ ६ गते बुधबार २० मे २०२६ । चतुर्थी, जेठ शुक्लपक्ष । अनलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:१५ सूर्यास्त ६:४७ । विश्व मौरी दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आनन्दको महसुस हुनेछ | **तुला** | : प्रेममा विवाद आउनसक्नेछ |
| **वृष** | : मन चञ्चल हुनेछ | **वृश्चिक** | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ |
| **मिथुन** | : मान-सम्मान बढ्नेछ | **धनु** | : हाँसखेलमा दिन जानेछ |
| **कर्कट** | : धन लाभ हुनेछ | **मकर** | : मनमा धेरै कुरा खेल्ने छन् |
| **सिंह** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **कुम्भ** | : रमाइलो यात्राको योग परेको छ |
| **कन्या** | : नबोली बस्दा राम्रो हुनेछ | **मीन** | : मन प्रसन्न रहनेछ |

# औद्योगिक पूर्वाधार विकास पुनर्संरचना र लगानी प्राथमिकीकरण



✍पदम ओली

नेपालमा उद्योग स्थापनाको इतिहास धेरै लामो छैन । सन् १८८२ मा उद्योग परिषद् स्थापना चन्द्रशमशेरको पालामा भए तापनि उनको शासन अवधिमा नेपालमा ब्रिटिस सरकारको लगानीमा स्थापना हुन खोजेको ग्लास उद्योगले अनुमति नपाएकोसम्म इतिहास देखिन्छ । यद्यपि लघु, घरेलु तथा हाते उद्योग लिच्छवीकालदेखि नै विकास भएका थिए । विक्रम सम्वत् २० को दशकमा विश्वव्यापी अर्थतन्त्रमा सोभियत संघ र अमेरिकी नेतृत्व देखापरेपछि सोभियत संघको समाजवादी मोडेलमा अघि बढेका देशहरूको लगानीमा नेपालमा पनि सार्वजनिक संस्थान स्थापनाको लहर सुरु भयो । जस अनुसार २०४६ साल अघिसम्म नेपालमा कुल ६४ वटा सार्वजनिक संस्थानमध्ये ४० वटा औद्योगिक क्षेत्र अन्तर्गत थिए । यसै समयमा नै नेपालमा निजी लगानीबाहेक सरकारी लगानीमा उद्योगहरू स्थापना भएका थिए । साथै, असंगठित रूपमा रहेको निजी क्षेत्रलाई व्यावसायिक रूपमा उद्योग क्षेत्रमा लगानी आकर्षित गर्न ११ वटा औद्योगिक क्षेत्र पनि स्थापना भए ।

मुलुकमा उद्योगधन्दा स्थापना गर्ने उद्देश्य सहित भारतको सीमा क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना भएका देखिन्छन् । उद्योगका लागि चाहिने कच्चापदार्थ भारतबाट ल्याउन, उत्पादन गर्न र बिक्री गर्न सजिलो होस् भनेर सीमा क्षेत्रमा तत्कालीन चार विकास क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना भएका देखिन्छन् । २०१९ सालमा अमेरिकी सरकारको लगानीमा औद्योगिक क्षेत्र निर्माण सुरु भएपछि २०४४ सालमा भारत सरकारको लगानीमा गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र निर्माण भएपछि नेपालमा औद्योगिक क्षेत्र स्थापना भएको छैन ।

निजी उद्योग एकीकृत रूपमा भौतिक पूर्वाधार सुविधा दिई उद्योग प्रवर्द्धन गर्ने, आयात प्रतिस्थापन गर्ने, निर्यात वृद्धि, स्थानीय सिप र साधन परिचालन, रोजगारी सिर्जना गर्दै उद्योग प्रवर्द्धन एर्व विकासमा योगदान पुर्‍याउने उद्देश्यले स्थापना गरिएका औद्योगिक क्षेत्रलाई २०४५ सालमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका रूपमा कम्पनी मोडेलमा सञ्चालन गर्ने गरी कानुनी प्रबन्ध गरिएपछि सरकारको नयाँ औद्योगिक क्षेत्र स्थापना तथा साविकका औद्योगिक क्षेत्र स्तरोन्नति गर्ने सम्बन्धमा त्यति महत्त्व दिइएको देखिँदैन ।

तथापि, २०७२ देखि २०७५ सालसम्म एक प्रदेश एक औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अनुसार सात वटा औद्योगिक क्षेत्र घोषणासम्म भएका छन् । ती औद्योगिक क्षेत्र पनि स्थानीय र वनसँगको समस्याका कारण अघि बढ्न सकेका छैनन् र समस्या समाधानका लागि केन्द्रीय स्तरबाट पहलको कमीको कारण समस्या यथावत नै छन् ।

तर, सरकारले नेपालको साविकको औद्योगिक नीति २०४९ र औद्योगिक व्यवसाय ऐन २०४९ ले आत्मसात गरे अनुसार २०६५/६६ देखि नेपालमा सेज स्थापनाको योजना अघि बढाएको थियो । विश्वमा विशेष आर्थिक क्षेत्र सन् १९३२ मा अमेरिकाको न्युयोर्कमा 'फ्रि ट्रेड जोन' का रूपमा स्थापना भई सुरु भए तापनि नेपालमा यो अवधारणा पनि निकै ढिलो सुरु भएको देखिन्छ । त्यसपछि नेपालमा विशेष आर्थिक क्षेत्र प्राधिकरण अन्तर्गत २ वटा सेज सञ्चालनमा छन् भने १८ वटा प्रस्तावित सेजमध्ये २ वटा बाहेक अन्यमा कुनै प्रगति भएको देखिन्न । यद्यपि, २०४४ सालसम्म स्थापना भएका औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गत सञ्चालित औद्योगिक क्षेत्र पनि कुनै न कुनै हिसाबले विशेष आर्थिक क्षेत्रको अवधारणासँग मेल खाएको देखिन्छ ।

औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रले एकीकृत रूपमा सेवा प्रदान गर्न पूर्वाधार निर्माण गरे झैं २०७२ सालपछि एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने उद्देश्यले ७ सय ५३ स्थानीय तहमध्ये १ सय २० औद्योगिक ग्राम घोषणा भएका छन् । तीमध्ये ४ वटा मात्र आंशिक सञ्चालनमा छन् । यी औद्योगिक ग्राममा हालसम्म सरकारको करिब डेढ अर्ब रुपैयाँ खर्च भइसकेको देखिन्छ ।

यसबाहेक सरकारले निजी उद्योगमा पुग्न पहुँचमार्ग निर्माण तथा विद्युत् प्रसारण लाइन निर्माणमा पनि बजेट विनियोजन गरेको छ । यसरी गरिएको लगानीको हालसम्मको रकम र त्यसको प्रतिफल सम्बन्धी एकीकृत जानकारी पनि सायदै भेटिन्छ । इतिहासदेखि वर्तमानसम्म हेर्दा नेपालमा सरकारका तर्फबाट उद्योग प्रवर्द्धन गर्न तथा असंगठित निजी क्षेत्रलाई एकीकृत संरचनामा सञ्चालन गर्न/गराउन तथा असंगठित रूपमै पनि सरकारका तर्फबाट उद्योगलाई राहत उपलब्ध गराउन खोजिएको देखिन्छ । तथापि, २०४४ सालसम्म स्थापना भएका औद्योगिक क्षेत्रबाहेक अन्य लगानीबाट सरकारले यथेष्ठ प्रतिफल लिन नसकेको देखिएको छ । छरिएर गरिएको लगानी, लगानीमा प्राथमिकीरण र सरकारले औद्योगिक पूर्वाधारमा पुनर्संरचना गरी विश्वव्यापी अवधारणा मध्यनजर गरी पूर्वाधार निर्माण गर्नु नै अबको विकल्प देखिन्छ ।

**औद्योगिक पूर्वाधार विकासमा पुनर्संरचना**

विगतदेखि वर्तमान हेर्दा नेपालमा औद्योगिक पूर्वाधार सरकारी तहबाट र निजी क्षेत्रबाट निर्माण भइरहेका छन् । पूर्णरूपमा सरकारी तहबाट पूर्वाधार निर्माण भई सरकारी तहबाटै सञ्चालन हुने औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राम छन् भने निजी क्षेत्रबाट निर्माण हुने पूर्वाधारसम्म पहुँच सडक र विद्युत् प्रसारण सरकारी क्षेत्रको लगानमा निर्माण भइरहेका छन् । यसमध्ये सरकारका तर्फबाट निर्माण र सञ्चालन हुने पूर्वाधारतर्फ हेर्ने हो भने सरकारले गरेको लगानी र अपेक्षित प्रतिफल प्राप्त भएको देखिन्न । यसको कारण खोजी हुनपर्नेमा हामी निरन्तर लगानी बढाउँदै गइरहेका छौं तर समीक्षा गरिरहेका छैनौं ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गत १० औद्योगिक क्षेत्र सञ्चालनमा छन् । तीमध्ये सप्तरीस्थित गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्रबाहेक सबै पूर्ण क्षमतामा चलिरहेका छन् भने हेटौंडा, काठमाडौं उपत्यकामा रहेका औद्योगिक क्षेत्र र बुटवल जस्ता औद्योगिक क्षेत्रमा उद्योग स्थापनाका लागि अत्यधिक माग छ । यसबाहेक बाँकेमा उद्योगहरूले औद्योगिक क्षेत्रभित्र स्थान अभावका कारण बाहिर निजी जमिन खरिद गरेर उद्योग स्थापना गरिरहेका छन् । २०७२ सालपछि घोषणा भएका औद्योगिक क्षेत्र निर्माण हुन सकेका छैनन् जसमध्ये कतिपय औद्योगिक क्षेत्र माग र आवश्यकताका आधार भन्दा घोषणापछि आवश्यकता स्थापित गर्न खोजिएका छन् ।

यसमा नेपाल सरकारको माथिल्लो निकायबाट गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्रमा रहेका विद्यमान सुरक्षा र भन्सार तथा औद्योगिक पूर्वाधारसँग सम्बन्धित विषय सम्बोधन गरेर पूर्ण सञ्चालनमा ल्याउन आवश्यक छ भने अन्य घोषणा भई निर्माण हुन नसकेका औद्योगिक क्षेत्रमध्ये अनुपयुक्त स्थान घोषणा रद्द गर्ने तथा अन्य स्थानमा रहेका विद्यमान समस्या समाधान गरी औद्योगिक क्षेत्र निर्माण कार्य अघि बढाउँदा औद्योगिक क्षेत्र निर्माण कार्यले गति लिन सक्छ । यसका साथै कतिपय स्थानमा औद्योगिक क्षेत्रको आवश्यकता हुँदा पनि कुनै प्रक्रिया थालनी नभएको हुँदा ती स्थानमा सम्भाव्यता अध्ययन सहित काम अघि बढाउन सकिन्छ ।

विशेष आर्थिक क्षेत्रका हकमा हालसम्म १८ स्थानमा प्रस्ताव गरिएका छन् । तीमध्ये कतिपय स्थान पहाडी तथा हिमाली जिल्लामा पनि छन् । विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले ३० प्रतिशत उत्पादन अनिवार्य निर्यात गर्न जरुरी छ । यस किसिमको प्रावधानबीच प्रस्ताव गरिएका हिमाली तथा पहाडी र कतिपय तराई क्षेत्रका स्थानमा सेज स्थापना गर्दा उत्पादनका लागि कच्चापदार्थ आयात तथा उत्पादित वस्तु निर्यात गर्न भन्सार तथा अन्य आयात/निर्यातका लागि आवश्यक पूर्वाधारको अवस्था पनि मध्यनजर गर्न आवश्यक छ ।

त्यस्तै विशेष आर्थिक क्षेत्र निर्यात प्रवर्द्धनका लागि स्थापना हुने भएको हुँदा यस किसिमको संरचना सीमानाका, त्यसमा पनि अन्तर्राष्ट्रिय स्तरको निर्यात गर्न सकिने स्थानमा मात्र स्थापना गरी लगानी गर्दा लगानीको उचित प्रतिफल प्राप्त हुन सक्छ । यसबाहेक ७० प्रतिशत उत्पादन स्वदेशी बजारमै खपत हुँदा त्यस्तो उत्पादनको दर अन्य औद्योगिक क्षेत्र र निजी लगानीको जमिनमा सञ्चालित उद्योगबाट उत्पादन हुने दरसँग कति मिल्दो रहन जान्छ भन्ने पनि ख्याल गर्न आवश्यक छ ।

यसका साथै नेपाल सरकारले एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने नीति अनुसार १ सय २० औद्योगिक ग्राम घोषणा गरिसकेको छ । सरकारको नीति अनुसार अझै ६ सय ३३ औद्योगिक ग्राम घोषणा हुनै बाँकी छ । घोषितमध्ये जम्मा ४ वटा त्यो पनि आंशिक सञ्चालन भइरहेको अवस्थामा ६ सय ३३ को अवस्था कस्तो रहला भन्ने अहिले नै आकलन गर्न सकिने अवस्था छैन ।

यद्यपि, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने, उद्यमी बनाउन उत्प्रेरणा गर्ने लगायत कार्यमा औद्योगिक ग्रामको ज्यादै महत्त्व हुन्छ । तर, नेपाल सरकारले घोषणा गर्ने र ३ करोडसम्म रकम अनुदान दिने व्यवस्था अनुसार स्थानीय सरकारले खोला किनार, जंगल आदिमा औद्योगिक ग्राम घोषणा गराइ संघीय सरकारबाट निकासा भएको रकम अनुत्पादक क्षेत्रमा खर्च गरेका कारण आज औद्योगिक ग्राम नामभन्दा बदनाम बढी हुन पुगेको छ ।

साथै, सरकारको नीति अनुसार ७ सय ५३ वटै पालिकामा उद्योग स्थापना हुने तथा आर्थिक गतिविधि सम्भावना नरहने भएका कारण औद्योगिक ग्राम एकभन्दा बढी पालिकाको पहुँच रहने स्थानमा एकभन्दा बढी पालिकाको संयुक्त लगानीमा स्थापना गर्ने वा कतिपय जिल्लामा त जिल्लामै एउटामात्र औद्योगिक ग्राम स्थापना भई सञ्चालन गर्दा पनि उपयुक्त हुन जान्छ । हाल सरकारका निकायमध्ये एकै प्रकृतिको कार्य उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतकै औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, विशेष आर्थिक क्षेत्र प्राधिकरण र मन्त्रालय स्वयंबाटै कार्यान्वयन भइरहेको छ । एकै मन्त्रालय अन्तर्गत एकै प्रकृतिको कार्य सञ्चालन भइरहँदा त्यसले एकातिर एकै प्रकृतिको कार्यमा बजेट विनियोजन र सञ्चालनमा विभेद देखिन्छ भने अर्कोतिर एकै प्रकृतिको कार्य विभिन्न निकायबाट हुँदा सेवाग्राही र जनतामा ती निकायबाट हुने कार्य प्रकृतिमा अन्योल सिर्जना हुनुका साथै सञ्चालन खर्च पनि बढिरहेको छ ।

सामान्यतया छिमेकी देशमा हेर्ने हो भने विशेष आर्थिक क्षेत्र, आर्थिक क्षेत्र तथा साना तथा मझौला उद्योग क्षेत्र हेर्ने गरी निकाय गठन गरिएको पाइन्छ जसको कार्य प्रकृति एकअर्कासँग मेल खाँदैन । भारतमा केन्द्र सरकार र प्रदेश सरकारका भिन्न निकाय छन् भने बंगलादेशमा निर्यातका लागिमात्र विशेष आर्थिक क्षेत्र, स्वदेशमा पनि खपत गर्न आर्थिक क्षेत्र तथा अन्य किसिमका उद्योगका लागि साना तथा मझौला उद्योग क्षेत्र हेर्ने निकाय छन् । यद्यपि, ती देशमा स्थापना भएका उद्योग देशभरि जहाँसुकै स्थापना भए पनि निर्यात गर्दा निर्यात बापत सुविधा पाउने व्यवस्था छ भने विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले नितान्त निर्यातमात्र गर्नुपर्ने किसिमका प्रावधान पाइन्छ ।

यसरी हेर्दा नेपालको परिवेशमा जुन कुनै निकायमा स्थापना हुने उद्योग समान बजारमा प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था छ । यद्यपि, विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले केवल ३० प्रतिशत निर्यात गरे पुग्ने व्यवस्था छ । यस्तो अवस्थामा सरकारले नेपालजस्तो सानो औद्योगिक संरचना रहेको भूगोलमा एकै प्रकृतिको कार्य गर्न यसरी विभिन्न संरचना खडा गर्नुको सट्टा सबै संरचना गाभेर एउटै बनाउने र सोही संरचनाभित्रका विभिन्न इकाइ मार्फत विभिन्न कार्य सञ्चालन गर्न सकिन्छ । यसमा उद्योग मन्त्रालयबाटै सञ्चालन भइरहेको औद्योगिक ग्रामलाई पनि यसै संरचनामा समावेश गर्न सकिने वा त्यसलाई सरकारले औद्योगिक ग्राम घोषणा र निर्माणका लागि निश्चित मापदण्ड तयार गरी सोही अनुसार मात्र घोषणा, निर्माण र सञ्चालन गर्न सक्ने गरी स्थानीय तहलाई नै पूर्ण जिम्मेवार बनाउन सकिन्छ । यद्यपि, स्थानीय तहले वा औद्योगिक ग्राम निर्माण गर्न जग्गाप्राप्ति गर्ने कार्यमा नयाँ बन्ने एकीकृत संरचनाले सहजीकरण गरिदिनुपर्ने व्यवस्था गर्न सकिन्छ ।

त्यस्तै मन्त्रालय मार्फत पहुँच सडक वा विद्युत् प्रसारण लाइन निर्माण गरी निजी जमिनसम्म पूर्वाधार निर्माण नगरी त्यस किसिमका उद्योगलाई पनि औद्योगिक क्षेत्रभित्र स्थापना हुने र सञ्चालन हुने वातावरण निर्माण गर्नुपर्छ ।

**औद्योगिक पूर्वाधारमा लगानी प्राथमिकीकरण**

सरकारको विशेषगरी पछिल्ला केही दशकमा औद्योगिक पूर्वाधारमा गरेको लगानीको पाना पल्टाउने हो भने अधिकांश बजेट पहुँच सडक, विद्युत् प्रसारण लाइन निर्माण, विशेष आर्थिक क्षेत्र संरचना, आंशिक रूपमा औद्योगिक क्षेत्रको जग्गाप्राप्ति र अध्ययन र औद्योगिक ग्रामको प्रतिफलविहीन संरचना निर्माणमा खर्च भएको पाइन्छ । यसरी छरिएर हुने लगानीमा आजसम्म अपेक्षित रूपमा न त कुनै पहुँच सडक र विद्युत् प्रसारण लाइन निर्माणले ठूलो उद्योग सञ्चालन भएका छन्, न कुनै विशेष आर्थिक क्षेत्रमा पूर्णरूपमा भौतिक संरचना निर्माण भएका छन्, न कुनै नयाँ औद्योगिक क्षेत्रको कार्य सुरु वा सम्पन्न भएको छ ।

यसरी छरिएर खर्च हुने बजेटलाई सरकारले एकीकृत गरी खानी पहुँच मार्ग वा पहुँचमार्ग तथा विद्युत् प्रसारण लाइन निर्माणमा निकै ठूलो लगानी लाग्ने अवस्था बाहेक अन्य उद्योगलाई उद्योग स्वयंले त्यस किसिमका संरचना निर्माण गर्ने र त्यसरी संरचना निर्माण गर्दा लागेको खर्च उद्योग सञ्चालनपछि तिर्ने कर वा उद्योगको मेसिन वा कच्चापदार्थ ल्याउँदा लाग्ने करमा समायोजन गर्न सकिन्छ । यसले सरकारको स-साना पूर्वाधार निर्माणमा सिर्जना हुने दायित्व घटाउँछ भने त्यस्ता पूर्वाधार निर्माण गर्न विनियोजन हुने बजेट दुरुपयोग हुनबाट पनि जोगाउँछ ।

त्यसैगरी औद्योगिक ग्राममा सरकारले लगानी नगर्ने तर निश्चित मापदण्ड तयार गरी सोही अनुसार स्थानीय तहलाई नै लगानीका लागि जिम्मेवार बनाउन जरुरी हुन्छ । कारणवश कुनै स्थानीय तहलाई औद्योगिक ग्रामका लागि बजेट आवश्यक भए उक्त बजेट स्थानीय तहलाई उपलब्ध गराइने समपूरक अनुदान वा ससर्त अनुदानमा समावेश गरेर दिन सकिने व्यवस्था गर्नुपर्छ । यसले औद्योगिक ग्रामका लागि विनियोजन हुने बजेट स्थानीय तहले अनावश्य बाटो खनेर वा जंगल वा भीरमा पर्खाल लगाएर सकाउने प्रवृत्ति रोक्छ । यसबाहेक विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड गाभेर एउटै संरचना तयार गरी यस मार्फत यस्ता काम गर्न सकिन्छ :

- हाल सेज र औद्योगिक क्षेत्रमार्फत सञ्चालित औद्योगिक क्षेत्रभित्रको सेवा र सुविधा समान बनाउने ।
- देशका विभिन्न औद्योगिक क्षेत्र सञ्चालन हुन सक्ने स्थानमा ठूला औद्योगिक क्षेत्र निर्माण गरी असंगठित रूपमा रहेका उद्योगलाई त्यस्ता औद्योगिक क्षेत्रमा स्थापना हुने वातावरण निर्माण गर्ने ।
- देशका जुनसुकै स्थानमा सञ्चालन भएको उद्योगले आफ्नो उत्पादन निर्यात गरे हाल सेजमा उपलब्ध भइरहेको वा त्यसलाई संसोधन गरी तय हुने सुविधा उपलब्ध गराउने ।
- पहिलो लक्ष आयात प्रतिस्थापन गर्ने र निश्चित मात्रामा आयात प्रतिस्थापन पश्चात निर्यात प्रशोधन क्षेत्रका रूपमा भविष्यमा अझ थप सुविधा सहित भौतिक पूर्वाधार सहित निर्यात प्रशोधन केन्द्र सञ्चालन गर्ने ।

यसरी औद्योगिक पूर्वाधार निर्माण कार्यलाई पुनर्संरचना गरेको खण्डमा देशभित्र स्थापना हुने सबै उद्योगलाई सहज र समान अवसर उपलब्ध हुन सक्छ भने सरकार र सरकारका निकाय मार्फत औद्योगिक पूर्वाधारमा हुने लगानीको सही र समयमै प्रतिफल प्राप्त हुन सक्छ ।

*(साभार: अनलाइनखबर)*

# संसदीय सर्वोच्चतामाथि प्रधानमन्त्रीको अनुदार प्रहार

✍श्रीराम श्रेष्ठ

नेपालको संसदीय इतिहासमा हालैका दिनहरूमा विकास भएका राजनीतिक परिदृश्यहरूले लोकतन्त्रको भविष्यमाथि गम्भीर प्रश्नचिह्न खडा गरिदिएका छन् । विशेषगरी, मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारी सम्हालेका प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' ले संसद्को सर्वोच्चता र गरिमालाई बेवास्ता गर्दै प्रदर्शन गरेका व्यवहारहरूले लोकतान्त्रिक मूल्य-मान्यताको धज्जी उडाएका छन् । राष्ट्रपतिले संसद्को संयुक्त सदनमा सरकारको वार्षिक नीति तथा कार्यक्रम वाचन गरिरहँदा प्रधानमन्त्री बीचमै उठेर बाहिरिनु कुनै सामान्य राजनीतिक घटना मात्र थिएन । यो राजकीय मर्यादाको उल्लैन र संसद्प्रतिको चरम उपेक्षा हो । राष्ट्रपतिजस्तो सम्मानित संस्थाले सरकारको मार्गचित्र प्रस्तुत गरिरहँदा त्यसको प्रस्तावक स्वयं प्रधानमन्त्रीले देखाएको यो गैरजिम्मेवारपनले संसदीय प्रणालीको आत्मामाथि नै प्रहार गरेको छ ।

यति मात्र होइन, नीति तथा कार्यक्रममाथि छलफलका लागि प्रस्ताव प्रस्तुत गर्ने समयमा प्रधानमन्त्री बालेन्द्र शाह उपस्थित नभएपछि बुधबार संसद्मा हङ्गामा भयो र संसद् चल्न सकेन । भोलिपल्ट बिहीबारको बैठकमा पनि प्रधानमन्त्रीको खोजी भयो तर उनको उपस्थितिबिना नै नीति तथा कार्यक्रममाथिको छलफल अगाडि बढाइयो । संसदीय व्यवस्थामा प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुनुपर्छ । तर, नीति तथा कार्यक्रमजस्तो महत्त्वपूर्ण प्रस्तावमाथिको छलफलमा समेत बालेनले अर्थमन्त्रीलाई 'वारेस' तोक्नुले संसद्प्रति उनी जवाफदेही नभएको देखिन्छ । विपक्षी दलले पनि यही आरोप लगाएका छन् । संसद् भनेको केवल इँटा र सिमेन्टले बनेको भवन मात्र होइन, यो त सार्वभौमसत्तासम्पन्न जनताको आवाज मुखरित हुने थलो हो ।

यहाँ गरिने प्रत्येक गतिविधिले राष्ट्रको छवि र राजनीतिक संस्कृतिको प्रतिनिधित्व गर्छ । तर, प्रधानमन्त्रीको यस्तो व्यवहारले नेपालको संसदीय परिपाटीलाई गिज्याइरहेको महसुस हुन्छ । संसदीय प्रणालीमा कार्यपालिका संसद्प्रति पूर्ण रूपमा उत्तरदायी हुनुपर्छ । नीति तथा कार्यक्रममाथि हुने छलफल र त्यहाँ उठ्ने प्रश्नहरूको जवाफ दिनु प्रधानमन्त्रीको संवैधानिक र नैतिक दायित्व हो । तर, आफ्नो जवाफदेहिताबाट पन्छिँदै संसद्मा उपस्थित नहुनुले प्रधानमन्त्रीमा बढ्दै गएको स्वेच्छाचारी चरित्रलाई उजागर गर्छ । विपक्षी दलहरूले यस विषयमा आपत्ति जनाउँदै बैठक बहिष्कार गर्नु स्वाभाविक प्रतिक्रिया हो, किनकि प्रतिपक्षको उपस्थितिले मात्र संसद्लाई जीवन्त बनाउँछ र सरकारलाई जनउत्तरदायी रहन बाध्य पार्छ । जब सरकार प्रमुख नै संसद्को सामना गर्न डराउँछन् वा त्यसलाई अनावश्यक झन्झट ठान्छन्, तब लोकतन्त्रको आधारभूत खम्बा हल्लिन थाल्छ ।

संसद्लाई छल्ने र जनप्रतिनिधिहरूको प्रश्नबाट भाग्ने प्रवृत्तिले अन्ततः अधिनायकवादलाई नै मलजल पुर्‍याउँछ । प्रधानमन्त्रीको यस्तो कदमले संसद्को मानमर्दन मात्र गरेको छैन, बरु आफूलाई निर्वाचित गरेर पठाउने जनताको विश्वासमाथि पनि कुठाराघात गरेको छ । यसअघि पनि प्रधानमन्त्रीले पटक-पटक संसद्लाई छलेर अध्यादेशमार्फत शासन सञ्चालन गर्ने जुन शैली अपनाए, त्यसले उनी लोकतान्त्रिक प्रक्रियाभन्दा पनि हुकुमी शासनमा विश्वास गर्छन् भन्ने प्रस्ट पार्छ । संसद् चालू रहेको अवस्थामा वा संसद्लाई कामै नदिई अधिवेशन अन्त्य गरेर चोरबाटोबाट ऐन-कानुन ल्याउनु संसदीय लोकतन्त्रको उपहास हो । संसद्मा गहन छलफल र बहस भएर परिमार्जित हुनुपर्ने कानुनहरूलाई मुठीभरका मानिसहरूको स्वार्थमा अध्यादेशमार्फत जारी गर्नुले विधिको शासनको खिल्ली उडाएको छ ।

यस्तो अभ्यासले संसद्लाई केवल औपचारिकतामा खुम्च्याउँछ र कार्यपालिकालाई अनियन्त्रित शक्तिको प्रयोगको अभ्यास गर्ने बाटो खोलिदिन्छ । लोकतन्त्रमा शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्त निकै महत्त्वपूर्ण हुन्छ, तर प्रधानमन्त्रीले संसद्को अधिकार क्षेत्रमा हस्तक्षेप गर्दै आफ्ना कदमहरूलाई जबर्जस्ती लाद्ने प्रयास गरेका छन् । यसले राज्यका अङ्गहरूबीचको सन्तुलन खलबल्याएको छ । संसदीय प्रणाली र प्रचलनका विरुद्ध प्रधानमन्त्रीले देखाएका यस्ता अनुदार कदमहरूले देश र जनताप्रति उनको उदासीनतालाई प्रतिविम्बित गर्छ । जनताका प्रतिनिधिहरूको थलो संसद्प्रतिको यो अनादर वास्तवमा जनताकै अनादर हो । लोकतान्त्रिक पद्धतिमा प्रक्रिया र पद्धति जति महत्त्वपूर्ण हुन्छन्, त्यति नै महत्त्वपूर्ण पात्रहरूको व्यवहार पनि हुन्छ ।

क्रमशः पृष्ठ-३...

# मूल्यसूची तथा एमआरपी कार्यान्वयन गरे-नगरेकोबारे अनुगमन गरिने



साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/जिल्ला प्रशासन कार्यालय मकवानपुरको समन्वयमा हेटौंडामा भइरहेको मूल्य पारदर्शिता सप्ताह आइतबार समापन भएको छ ।

नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयले गत बैशाख २८ गते सुरु गरेको मूल्य पारदर्शिता सप्ताहको आइतबार समापन गरिएको हो । आइतबार अन्तिम दिन आन्तरिक राजश्व कार्यालय हेटौंडाको आयोजनामा मूल्यसूची र बिलबिजकसम्बन्धी साना तथा लघुउद्यमीसँग अन्तरक्रिया गरिएको छ । कार्यक्रममा आन्तरिक राजश्व कार्यालय हेटौंडाका करअधिकृत धुवसिंह घलानले व्यवसायीले हरेक सामग्रीको अनिवार्य अधिकतम खुद्रामूल्य कायम गरेर बेच्ने र खुद्रामूल्य राख्न सम्भव नहुने तथा खुल्लारुपमा बेच्नुपर्ने सामग्रीको अनिवार्य दैनिक मूल्यसूची राख्नुपर्ने बताए ।

उनले यसका फाइदा तथा कानुनी व्यवस्थाबारे सहजीकरण गरेका थिए । कार्यक्रममा मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले यसपछि प्रशासनले नियमितरुपमा मूल्यसूची तथा एमआरपीमा आधारित भएर सामान बेचेनबेचेकोबारे अनुगमन गरिने बताए । उनले अनुगमनमा कैफियत पाएमा कानुनबमोजिम कारबाही हुने स्पष्ट पारे । व्यवसायीले फरक फरक बस्तु र सेवाका मूल्यसूचीका बारेमा जिज्ञासा राखेका थिए । आन्तरिक राजश्व कार्यालयका प्रमुख करअधिकृत युक्तप्रसाद सुवेदीले व्यवसायीका प्रश्नको सहजीकरण गरेका थिए ।

कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च, मकवानपुर उद्योग वाणिज्य संघ, उद्योग संघ मकवानपुर, उद्योग तथा वाणिज्य कार्यालय मकवानपुर तथा आन्तरिक राजश्व कार्यालय हेटौंडाका प्रतिनिधिको उपस्थिति थियो ।

# स्वर्णमहोत्सवबाट सिद्धार्थको ७ लाख बचत

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयले स्वर्णजयन्ती महोत्सवको आयव्यय सार्वजनिक गरेको छ ।

सोमबार पत्रकार सम्मेलन गरेर विद्यालयले गत पुस २४ गतेदेखि माघ ८ गतेसम्म आयोजना गरेको स्वर्ण महोत्सवको आर्थिक प्रतिवेदन सार्वजनिक गरेको हो । स्वर्णमहोत्सवबाट ७ लाख २१ हजार ३२ रुपैयाँ बचत भएको विद्यालयका प्रधानाध्यापक परमानन्द सरोज कर्णले जानकारी दिए । उनकाअनुसार महोत्सव सम्पन्न गर्न विभिन्न स्रोतबाट ४० लाख ३४ हजार १ सय ४० रुपैयाँ प्राप्त भएकोमा विविध शीर्षकमा ३३ लाख १३ हजार १ सय ८ रुपैयाँ खर्च भएको छ ।

आम्दानीतर्फ शिक्षक तथा कर्मचारीबाट ५ लाख ६ हजार रुपैयाँ, विज्ञापनबाट १२ लाख ९९ हजार रुपैयाँ र चन्दावापत २२ लाख २८ हजार रुपैयाँ संकलन भएको सिद्धार्थ माध्यमिक विद्यालयका प्रधानाध्यापक कर्णले जानकारी दिए । केही संस्था तथा कार्यालयबाट अझै २ लाख ३५ हजार रुपैयाँ उठ्न बाँकी रहेको उनले बताए । स्वर्णमहोत्सवको अवसरमा विद्यार्थीका लागि विद्यालयमा आँखा तथा दन्तशिविर आयोजना गरिएको थियो । यस्तै, अन्तरमाध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ, रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्नुका साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, पूर्वविद्यार्थी, शिक्षक तथा कर्मचारीलाई सम्मान गरिएको थियो ।

पत्रकार सम्मेलनमा वडाध्यक्ष विष्णुगोपल महर्जनले वडा कार्यालयले कुल बजेटको करिब १२ प्रतिशत रकम विद्यालयको शैक्षिक सुधारका लागि छुट्याएको बताए । शैक्षिक गुणस्तरलाई मध्यनजर गर्दै विद्यालयमा कार्यरत शिक्षक्ले आफ्ना बालबालिकालाई अनिवार्यरुपमा सोही विद्यालयमा पढाउन निर्देशन दिइएको उनले जानकारी दिए । यसैगरी पत्रकार सम्मेलनमा प्रधानाध्यापक कर्णले मंगलबारदेखि आफ्नो अनिवार्य अवकाश हुन लागेको जानकारी गराए । २०८० साल चैत ९ गतेदेखि विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी सम्हालेका कर्णले आफ्नो कार्यकालमा शैक्षिक नतिजामा निरन्तर सुधार आएको दावी गरे ।

# हेटौंडा-ढल्केवर प्रसारण लाइन निर्माणले गतिलियो



साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/लामो समयदेखि स्थानीयको असन्तुष्टिका कारण रोकिँदै आएको 'हेटौंडा-ढल्केवर-दुहवी ४०० केभी प्रसारण' लाइन निर्माण पुन: सुरु भएको छ ।

सरकारको पहलपछि प्रसारण लाइनको निर्माण सुरु भएको हो । लामो समयदेखि मुआब्जा र जग्गा विवादका कारण अवरुद्ध आयोजना ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको पहलपछि पुन:सक्रियताका साथ निर्माण अगाडि बढेको छ । नेपाल विद्युत् प्राधिकरणले पनि प्रभावित स्थानीय, जनप्रतिनिधि तथा सरोकारवालासँग मन्त्री श्रेष्ठले गरेको निरन्तर छलफल र समन्वयपछि जग्गाधनीले मुआब्जा स्वीकार गरेकाले प्रसारण लाइनको टावर निर्माण अगाडि बढेको जानकारी दिएको छ ।

सन् २०१२ देखि निर्माण सुरु भएको प्रसारण लाइनअन्तर्गत् हेटौंडाको हटियाक्षेत्रमा टावर निर्माण रोकिँदा आयोजना वर्षौंदेखि प्रभावित बनेको थियो । कुल २८८ किलोमिटर लम्बाइको आयोजनामध्ये पूर्वी खण्ड १५४ किलोमिटर लामो ढल्केवर-इनरुवा खण्ड तीन वर्षअघि नै सञ्चालनमा आइसकेको छ । तर, १३४ किलोमिटर लामो हेटौंडा-ढल्केवर खण्ड भने मुआब्जा विवादका कारण ढिलाइ भइरहेको थियो । प्राधिकरणले हेटौंडाक्षेत्रमा निर्माण गर्नुपर्ने १४ वटा टावरमध्ये हाल तीन वटाको निर्माण सम्पन्न भइसकेको छ । यस्तै, दुईवटाको इरेक्सन (टावर ठड्याउने) कार्य जारी रहेको जनाएको छ । सबै टावरको जग निर्माण पूरा भइसकेको तथा बाँकी संरचनाको काम अन्तिमचरणमा पुगेको जनाएको छ ।

प्राधिकरणका कायम मुकायम कार्यकारी निर्देशक दीर्घायु कुमार श्रेष्ठले टावर निर्माणसँगै मुआब्जा तथा क्षतिपूर्ति वितरणको प्रक्रिया समानान्तररुपमा अघि बढाइएको जानकारी दिए । उनले प्रभावितलाई कानुनअनुसार उचित क्षतिपूर्ति उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गर्दै तारतान्ने कार्य सुरु भएसँगै पहिचान भएका सबैलाई एकैपटक मुआब्जा वितरण गरिने बताए । श्रेष्ठकाअनुसार चालु आर्थिक वर्षभित्र प्रसारण लाइन सञ्चालनमा नआए वर्षायाममा उत्पादन हुने करिब ८०० मेगावाट विद्युत् प्रवाह हुन नसकी खेरजाने जोखिम रहन्छ ।

त्यसबाट राष्ट्रलाई ठूलो आर्थिक क्षति हुनसक्ने उनको भनाइ छ । प्राधिकरणले वनक्षेत्रको रुखकटान तथा जग्गा प्रयोगसम्बन्धी बाँकी स्वीकृति प्राप्त हुनेबित्तिकै बाँकी दुईवटा टावर निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ । आयोजना सम्पन्न भएपछि देशको आन्तरिक विद्युत् आपूर्ति थप सुदृढ हुने, राष्ट्रिय ग्रिडको विश्वसनीयता बढ्ने तथा छिमेकी मुलुकसँगको विद्युत् व्यापार विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । यो प्रसारण लाइन निर्माणका लागि पटकपटक प्रयास भएपनि समस्या समाधान हुन सकेको थिएन । पछिल्लो पहलपछि अब भने प्रसारण लाइन निर्माण सम्पन्न हुने विश्वास लिइएको छ ।

# सर्वोच्चका न्यायाधीशको द्वन्द्व छताछुल्ल

काठमाडौं/कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले सोमबार सर्वोच्च अदालत प्रशासनमा अलपत्र परेका केही रिट र निवेदनहरू तत्काल दर्ता गर्नु भनेर आदेश दिइन् । कामु प्रधानन्यायाधीशको लिखित आदेश र त्यससलगत्तै न्यायप्रशासनका उच्चपदस्थ अधिकारीहरू कार्यकक्ष छाडेर हिंडेको घटनाले मुलुकको न्यायिक वृत्त सोमबार दिनभर तरंगित भइरह्यो । यस्तै घटनाक्रमपछि कानुन व्यवसायीहरूको छाता संगठन नेपाल बार एसोसिएसनले अपरान्ह आकस्मिक बैठक डाक्यो र निर्णयमा भन्यो, 'अदालत प्रशासनको अनपेक्षित क्रियाकलाप र हर्कतको विरोध सहित जेठ ५ गते दिनको १.१५ बजे नेपाल बार प्राङ्गणमा लालटीन बालेर न्याय, विवेक र स्वच्छ प्रक्रियाको खोजी गर्ने ।'





प्रधानन्यायाधीशमा सिफारिस भएको भोलिपल्ट सर्वोच्च अदालतको पूर्ण बैठक(फूलकोर्ट)मा सहभागी भएका न्यायाधीश डा. मनोज शर्मा त्यसयता न्यायसम्पादन प्रक्रियामा संलग्न छैनन् । उनी अदालतमा हाजिर भएपछि संसदीय सुनुवाइको तयारी गरिरहेका छन् । तर नयाँ प्रधानन्यायाधीशको सिफारिसपछि भने सर्वोच्च अदालत प्रशासनले सर्वोच्चमा पेश भएका कतिपय रिट र अन्य प्रकृतिका निवेदन अलपत्र पारेको आरोप लाग्दै आएको छ । सकेसम्म निवेदन ग्रहण नगर्ने, निवेदन स्वीकार गरेपनि दरपीठ(दर्ता नगर्ने आदेश) गर्ने, तर आदेशको पाठ उपलब्ध गराउन ढिलाई हुन थालेको कानुन व्यवसायीहरूको आरोप छ । दरपीठ विरुद्धको आदेश समेत दर्ता नगरेर न्यायमा अवरोध गरेको भनी अदालत प्रशासनका कर्मचारीहरूले विरोध गर्दै आएका छन् ।

केही साताअघि जारी भएका अध्यादेश र संवैधानिक परिषद्को बैठक र निर्णयसँग सम्बन्धित वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ताहरू डा प्रेमराज सिलवाल र गीता थापाका निवेदन अलपत्र परेका छन् । अदालत प्रशासनको यो व्यवहारले मुद्दाको प्रारम्भिक प्रक्रियामा नै अदालतबाटै अवरोध भएको सन्देश प्रवाह भएको छ । अदालतबाट फैसला भएर पनि न्याय नपाएका घटनाहरू नेपाली समाजमा नौला थिएनन्, तर सोमबारको घटनाले न्यायका याचकहरूलाई अदालत प्रशासनले 'प्रवेश निषेध'को तहमा नै व्यवहार गरेको सन्देश प्रवाह भएको छ ।

कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले सोमबार जारी गरेको आदेशको विवरणलाई आधार मान्ने हो भने सर्वोच्च अदालतका मुख्यरजिष्ट्रार विमल पौडेलले प्रस्तावित प्रधानन्यायाधीश डा. मनोज शर्माको हवाला दिएर आफूहरूले रिट निवेदन दर्ता गर्न नसक्ने बाध्यता सुनाएका थिए । उनले आदेशमा लेखेकी थिइन्, 'यस सम्बन्धमा सम्पूर्ण माननीय न्यायाधीशहरू समक्ष मुख्य रजिष्ट्रारको ध्यानाकर्षण गराउँदा प्रधान न्यायाधीशमा सिफारिस माननीय न्यायधीशले नै निर्देशन दिनुभएकोले (दर्ता) नगरेको भन्ने कुरा जानकारी गराउनु भयो ।'

सर्वोच्च अदालतका एक न्यायाधीशका अनुसार, अध्यादेश र संवैधानिक परिषद्सम्बन्धी दुवै रिट निवेदनहरू प्रस्तावित प्रधानन्यायाधीश अनुकूल थिएनन् । दर्ता गरेर नियमित प्रक्रियामा अघि बढेको भए कुनै न्यायाधीशहरूबाट अन्तरिम आदेश आउनसक्ने र नयाँ प्रधानन्यायाधीश सिफारिस अवरुद्ध हुन सक्ने उनीहरूको बुझाइ थियो । तर निवेदनको दर्ता प्रक्रिया ढिला गर्दा संसदीय सुनुवाइ प्रक्रियाले गति लिन्छ । अनि संसदीय सुनुवाईबाट अनुमोदन भएर नवनियुक्त प्रधानन्यायाधीशले नियमित काम थाल्छन् । संसदीय सुनुवाइ अनुमोदन भएपछि अदालत प्रशासनले रिट निवेदन अघि बढाउने योजना बनाएको छ । त्यतिबेला रिट निवेदकहरुको माग सन्दर्भहीन बनिसकेको हुने, कतिपय कानुनविदहरूको दाबी छ ।

### हस्तक्षेप कि आदेश ?

नयाँ प्रधानन्यायाधीश सिफारिसको डेढ साताको अवधिमा कतिपय कानुन व्ययसायीहरूले रिट निवेदन दर्ता गर्न पटकपटक प्रयास गरेका थिए । सर्वोच्च अदालत प्रशासनले नियमित रुपमा त्यसमा आनाकानी गरिरहेको देखिन्थ्यो । रिट निवेदनमा अवरोध भएर कानुन व्यवसायीहरूले ध्यानाकर्षण गराएपछि नेपाल बार एसोसिएसनले यसअघि नै विज्ञप्ति निकालेको थियो ।

पटकपटकको मौलिक छलफल र निर्देशनको पालना नभएको भन्दै कामु प्रधानन्यायाधीश सपना प्रधान मल्लले सोमबार लिखित आदेश गरेकी हुन् । उक्त आदेश प्रशासनिक प्रकृतिको थियो । किनभने न्यायिक प्रकृतिको आदेश जारी गर्न निश्चित प्रक्रिया र कार्यविधि पूरा गर्नुपर्छ । 'सर्वोच्च अदालत र मातहतका अदालत, विशिष्टीकृत अदालत वा अन्य न्यायिक निकायहरूको न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी प्रधान न्यायाधीशको हुनेछ' भन्ने संविधानको धारा १३६ को प्रावधान प्रयोग गरेर कामु प्रधानन्यायाधीशले प्रशासनिक अधिकार प्रयोग गरेको देखिन्छ ।

कामु प्रधानन्यायाधीशले सोमबारको आदेशमा बारम्बार रिट निवेदन दर्ता गर्न अनाकानी गरिएको अनि त्यसवारेमा मुख्यरजिष्ट्रार लगायत सर्वोच्चका उच्च अधिकारीहरूसँग छलफल भएको विवरण उल्लेख गरेकी छन् । साथै, उनले त्यस सिलसिलामा मुख्यरजिष्ट्रार पौडेलबाट प्रस्तावित प्रधानन्यायाधीशले निर्देशन दिएको भनेको दाबी सहितको विवरण आदेशमै लेखेकी छन् । रिट निवेदन दर्ता रोक्ने कामले न्यायमा अवरोध सिर्जना गरेको भन्दै उनले आदेशमा मुख्यरजिष्ट्रार विमल पौडेल, रजिष्ट्रार र मुद्दा महाशाखाका कर्मचारीहरुलाई एक बजेभित्र दर्ता गर्न आदेश दिएकी थिइन्, जुन आदेश सोमबार बेलुकीसम्म कार्यान्वयन हुन सकेको थिएन ।

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुरे 'इकु' चलचित्र कलाकार संघको सदस्य निर्वाचित



साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/मकवानपुरे कलाकार सुलेमान शंकर 'इकु' नेपाल चलचित्र कलाकार संघको केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् ।

काठमाडौंमा सम्पन्न संघको निर्वाचनबाट इकु केन्द्रीय सदस्यमा निर्वाचित भएका हुन् । लामो समयदेखि नेपाली चलचित्र तथा हास्यव्यंग्यक्षेत्रमा सक्रिय 'इकु'को विजयलाई मकवानपुरका कलाकारको उपस्थितिकारुपमा हेरिएको छ । नेपाली चलचित्र तथा हास्यव्यंग्य क्षेत्रमा 'इकु' परिचित नाम हो । उनी विशेषगरी आफ्नो चर्चित पात्र 'इकु' मार्फत् नेपाली दर्शकमाझ लोकप्रिय बनेका हुन् । हास्य अभिनय, सामाजिक व्यंग्य र मौलिक प्रस्तुतीकरणका कारण उनले नेपाली मनोरञ्जन क्षेत्रमा छुट्टै पहिचान बनाएका छन् ।

मकवानपुरसँग सम्बन्ध राख्ने 'इकु' लामो समयदेखि रंगमञ्च, टेलिभिजन कार्यक्रम, म्युजिक भिडियो तथा चलचित्र क्षेत्रमा सक्रिय छन् । उनले अभिनय गरेको 'इकु' र 'इकु २' जस्ता चलचित्रले निकै सफलता पाएका थिए । यसमा उनको 'ईकु ईताङ पिताङ' संवाद निकै चर्चित भएको थियो । सुरुका दिनमा हास्य टेलिशृंखला र स्टेज कार्यक्रममार्फत् दर्शकमाझ पुगेका उनले पछि चलचित्र क्षेत्रमा पनि आफ्नो अभिनय क्षमता स्थापित गरेका हुन् । उनले अभिनय गरेका विभिन्न हास्य कार्यक्रम तथा चलचित्र ग्रामीण जीवन, सामाजिक व्यवहार र जनजीवनसँग नजिक हुने भएकाले दर्शकले सहजरुपमा मन पराउने गरेका छन् । उनको संवादशैली, शारीरिक हाउभाउ र व्यंग्यात्मक प्रस्तुतीकरणलाई नेपाली हास्य क्षेत्रमा फरक स्वादकारुपमा लिइन्छ ।

संघको अध्यक्षमा उत्तम केसी निर्वाचित भएका छन् । केसी २१६ मत प्राप्त गर्दै अध्यक्षमा विजयी भए । उनका प्रतिस्पर्धी सविन श्रेष्ठले १३२ मत प्राप्त गरे । निर्वाचनमा कुल ३५६ मत खसेको थियो । महिला उपाध्यक्षमा पूजना प्रधान १४४ मतसहित विजयी भएकी छन् । यस्तै उपाध्यक्षमा शिवहरि बैरागी १४६ मतसहित विजयी भएका छन् । महासचिवमा सुनील कटुवाल १९५ मतसहित विजयी भए । सचिवमा गोपाल ढकाल २१४ मत प्राप्त गर्दै विजयी भएका छन् । कोषाध्यक्षमा तेजुला खतिवडा १४९ मतसहित विजयी हुँदा सहकोषाध्यक्ष पदमा पवन केसी १६१ मतसहित विजयी भएका छन् । सदस्यहरु सुलेमानसहित इन्द्रबहादुर लामा, चन्द्रकला दाहाल, चन्द्रकला राई, छुल्ठिम गुरुङ, जीवन थापा, दमन रुपाखेती, नवीनकुमार श्रेष्ठ, रश्मि भट्ट र श्रीदेव भट्टराई निर्वाचित भए ।

# संसदीय सर्वोच्चतामाथि प्रधानमन्त्रीको....

प्रधानमन्त्रीले देखाएको दम्भ र अहङ्कारले प्रणालीलाई नै कमजोर बनाउँदै लगेको छ । जब शासकले आफूलाई संसद् र कानुनभन्दा माथि ठान्न थाल्छ, तब लोकतन्त्रको सुगन्ध हराउँदै जान्छ र त्यहाँ तानाशाही प्रवृत्तिको उदय हुन्छ । नेपालले लामो सैर्ष र बलिदानबाट प्राप्त गरेको सैंीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नुपर्ने समयमा जिम्मेवार पदमा बसेका व्यक्तिबाटै यसरी प्रणालीमाथि प्रहार हुनु दुर्भाग्यपूर्ण छ ।

प्रधानमन्त्रीको यो प्रवृत्तिले भविष्यका लागि पनि गलत नजिर स्थापित गरेको छ । यदि आजको यो व्यवहारलाई सामान्य रूपमा लिइयो भने भोलिका दिनमा अन्य शासकहरूले पनि संसद्लाई यसरी नै उपेक्षा गर्ने साहस गर्नेछन् । संसद्को मर्यादा कायम राख्नु केवल विपक्षी दलको मात्र जिम्मेवारी होइन, यो त विशेषगरी सत्तापक्ष र सरकार प्रमुखको पहिलो कर्तव्य हो । तर, यहाँ त रक्षक नै भक्षकजस्तो देखिएका छन् । नीति तथा कार्यक्रममाथिको छलफलमा भाग नलिनु र प्रश्नहरूको सामना गर्नबाट भाग्नुले सरकारसँग स्पष्ट भिजन र तर्क छैन भन्ने कुरालाई पनि पुष्टि गर्छ । जनताका आधारभूत समस्याहरू, देशको आर्थिक अवस्था र सुशासनका सवालमा संसद्मा बहस हुनुपर्नेमा संसद् नै बहिष्कार र उपेक्षाको सिकार हुनुले मुलुक कता जाँदै छ भन्ने चिन्ता बढाएको छ ।

लोकतन्त्र भनेको केवल चुनाव जित्नु र सत्तामा पुग्नु मात्र होइन, यो त निरन्तरको संवाद, सहमति र सहकार्यको प्रक्रिया हो । प्रधानमन्त्रीले विपक्षी दलहरूको आवाजलाई सुन्नुपर्छ र उनीहरूले उठाएका जायज मागहरूलाई सम्बोधन गर्नुपर्छ । संसद्लाई पङ्गु बनाएर वा यसलाई छलेर गरिने शासनले दीर्घकालीन वैधता पाउन सक्दैन । प्रधानमन्त्रीले बुझ्नुपर्छ कि उनी संसद्कै कारण त्यो पदमा पुगेका हुन् र संसद्कै विश्वासले त्यहाँ टिकिरहेका छन् । त्यसैले, जुन जगमा उनी उभिएका छन्, त्यही जगलाई खियाउने काम उनले गर्नु हुँदैन । संसद्प्रतिको अनुदार सोचले लोकतान्त्रिक संस्थाहरूलाई धराशायी बनाउँछ, जसको प्रत्यक्ष असर देशको विकास र स्थिरतामा पर्ने निश्चित छ ।

अहिलेको परिस्थितिमा नागरिक समाज, बौद्धिक वर्ग र सञ्चार जगत्ले पनि यस्ता गैरसंसदीय क्रियाकलापका विरुद्ध आवाज उठाउनु आवश्यक छ । प्रधानमन्त्रीका कदमहरूले लोकतान्त्रिक प्रणालीलाई कसरी कमजोर बनाउँदै छन् भन्ने कुराको गहिरो विश्लेषण हुनु जरुरी छ । एउटा व्यक्तिको सनक वा अहङ्कारका कारण सिङ्गो व्यवस्था नै बदनाम हुनु हुँदैन ।

संसदीय प्रणालीमा देखिने सानातिना छिद्रहरूलाई टाल्दै यसलाई अझ सुदृढ बनाउनुको साटो प्रधानमन्त्री आफैँले यसलाई भत्काउन खोज्नु अत्यन्तै खेदजनक छ । देश र जनताको हितमा काम गर्ने शपथ खाएका व्यक्तिले संसद्जस्तो गरिमामय संस्थाको अपमान गर्नु भनेको लोकतन्त्रको उपहास हो ।

अन्त्यमा, प्रधानमन्त्री बालेन्द्र शाहले देखाएका पछिल्ला क्रियाकलापहरूले नेपालको राजनीतिक संस्कारलाई निकै तल्लो स्तरमा झारेका छन् । राष्ट्रपतिको सम्बोधन चलिरहँदा संसद् छोड्नु, संसद्मा जवाफदेहिता नदेखाउनु र अध्यादेशमार्फत शासन चलाउन खोज्नुजस्ता कार्यहरूले उनलाई एक अनुदार र स्वेच्छाचारी शासकका रूपमा चित्रित गरेको छ । यस्ता कदमहरूले लोकतन्त्रको आधारभूत मर्ममाथि प्रहार गरेका छन् र जनतामा व्यवस्थाप्रति नै वितृष्णा पैदा गर्ने जोखिम बढाएका छन् । यदि प्रधानमन्त्रीले आफ्नो शैलीमा सुधार ल्याएनन् र संसद्को सर्वोच्चतालाई स्वीकार गरेनन् भने, यसले मुलुकलाई थप अस्थिरता र संवैधानिक सङ्कटतर्फ धकेल्ने निश्चित छ ।

लोकतन्त्रको जगेर्नाका लागि संसद्को सम्मान, विधिको शासन र उत्तरदायी नेतृत्व अनिवार्य सर्त हुन् । यी सर्तहरूलाई लत्याएर गरिने कुनै पनि अभ्यासले अन्तत: प्रणालीलाई नै ध्वस्त पार्नेछ । त्यसैले, समयमै सचेत भएर संसदीय मर्यादाको पुन:स्थापना र लोकतान्त्रिक आचरणको प्रदर्शन गर्नु नै आजको प्रमुख आवश्यकता हो । जनताले हेरिरहेका छन् र इतिहासले यस्ता हरेक कदमको कठोर मूल्याङ्कन गर्ने नै छ । संसद्प्रतिको यो निर्मम प्रहारलाई लोकतन्त्रप्रेमी नेपाली जनताले कहिल्यै बिर्सने छैनन् र यसको मूल्य भविष्यमा राजनीतिले चुकाउनुपर्ने हुन सक्छ । लोकतन्त्रलाई जीवित राख्नका लागि संसद्लाई जीवन्त र सम्मानित बनाउनुको विकल्प छैन ।

*(साभार: रातोपाटी)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

शर्मिला राना ९८४१९९९४८७
कल्पना न्यौपाने ९८६७७६४४४७
उषा अधिकारी ९८४५१२५९०८

स्वर्गद्वारी महिला पञ्चेबाजा समूह
हेटौंडा-१, मकवानपुर



हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।

सर्वोत्तम संचिती र सुन्दर एकीकरणको तयारी

# चौकीटोलमा खुल्यो बिक्री केन्द्र

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/हेटौंडा-८ कमानेस्थित सर्वोत्तमसंचिति बचत तथा ऋण सहकारी संस्था र हेटौंडा-१ चौकीटोलस्थित सुन्दर बचत तथा ऋण सहकारी संस्था एकीकरणको अन्तिमचरणमा पुगेको छ । आगामी जेठ २३ गते बृहत संयुक्त साधारण सभा गरेर नयाँ तदर्थ समिति चयन गरिने जनाइएको छ ।



बचत र ऋणको कारोबार सँगै सर्वोत्तम ब्राण्डमा विभिन्न अर्गानिक वस्तु उत्पादन गरी बिक्री गर्दै आइरहेको सर्वोत्तमसंचिति सहकारीले सोमबार एक कार्यक्रमबीच सुन्दर सहकारी भवनमा वस्तु बिक्रीकेन्द्र सञ्चालनमा ल्याएको छ ।

संस्थाका अध्यक्ष राम बहादुर बस्नेतको अध्यक्षता तथा वडा १ का वडाध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा बिक्री केन्द्रको उद्घाटन गरिएको हो । वडाअध्यक्ष न्यौपानेले राज्यले लिएको नीतिअनुरुप सहकारी एकीकरण गरी सेवाप्रवाहमा व्यापकता ल्याउने गरी दुई सहकारी एकीकरणको अन्तिमचरणमा रहेको बताए ।

‘२ वर्षदेखि एकीकरण गर्ने तयारीअनुरुप अब पूर्णता पाउन लागेको छ, सबै मिलेर जिल्लाकै उत्कृष्ट सहकारी बनाउने सदस्यको दायित्व रहन्छ,’ उनले भने । दुबै सहकारीको सभासँगै गरिएको एकीकरणको तयारीपछि चौकीटोलमा शेयर सदस्यको सहजता रहनेछ भन्ने हेतुले बिक्रीकेन्द्र सञ्चालन गरिएको बताए । सहकारीले अर्गानिक वस्तु उपभोग गरि स्वस्थ रहनको लागि दैनिक उपभोग्य सामग्रीको बिक्री गर्ने उनले बताए । २३ गते हुने सभापछि समूहगतरुपमा अझ बढी छलफल र सहकारीले गर्ने सेवाप्रवाहबारे सदस्यलाई जानकारी गराइने न्यौपानेले बताए ।

आफू यसै संस्थाको सचिव समेत रहेकाले सहकारीलाई एकीकरण गरी पुर्जीलाई वृद्धिगरी सहकारी मातहतमा रहेको उद्योगलाई थप व्यवस्थित गरी सञ्चालन गरिने उनले बताए । जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाले ऐनमा रहेर विनियम निर्माण हुन्छ । सहकारीले आफ्नो सेवाप्रवाह गरिनुपर्ने बताए । दुबै सहकारीका सदस्य एकै हुन् भन्ने भावनाकासाथ अघि बढ्न आग्रह गर्दै संघबाट गरि नुपर्ने सहयोग आफूले गर्ने प्रतिवद्धता व्यक्त गरे । नीति, विधि र पद्दतीमा रहेर सेवा गरी उत्पादित वस्तु खरिद र बिक्री गर्न जोड दिए ।

सुन्दर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शम्भु नकर्मीले उत्पादनमुखी बनाउने भन्ने भावका साथ सहकारी एकीकरण गर्न लागेको बताए । पुर्जीलाई बढाउनको लागि एकमात्र माध्यम उत्पादनमुखी कार्य रहेकाले हामीले दुई वर्षको मेहनतका साथ सहकारी एकीकरण गर्न लागिएको नकर्मीले बताए । ‘बचत र ऋणको काममात्रै थियो अब उद्योगका उत्पादित सामग्री बिक्री गर्ने भएका छौं’ उनले भने । सामग्री खरिद र बिक्री गर्नुपर्ने हामी दुबै सहकारीको दायित्व रहन्छ ।

संस्थाका अध्यक्ष रामबहादुर बस्नेतले एकीकरणको औचित्य पूरा हुन सबै सदस्यको मनोभावना बुझ्नुपर्ने बताउँदै प्रत्येक सदस्यको घरमा पुगेर सहकारी र सहकारीबाट हुने सेवाप्रवाहलाई जानकारी गराउनु पर्ने धारणा राखे । एकीकरणले सदस्यमा उत्साहका साथै समितिमा थप जिम्मेवार बनाउँदै लगेको बताए । ‘२३ गते सभापश्चात तदर्थ समिति बन्ने उनले बताए । नीति, विधि र पद्दतीमा रहेर काम गर्ने बताउँदै हाम्रा आमा नीति र विधि हुन् आमालाई सधैं सँगै राख्नेछौं’ उनले भने ।

‘बचत र ऋणको मात्रै काम गर्नुपर्छ भन्ने छैन, उत्पादनसँग जोडेर हामी सहकारीलाई यहाँसम्म ल्याएका छौं । अर्गानिक सामग्री उत्पादन गरी सदस्य र उपभोक्तालाई स्वस्थ राख्नु हाम्रो कर्तव्य हो । बजार सँग हाम्रो प्रतिस्पर्धा होइन, हाम्रो चाहना सदस्यलाई स्वस्थ उत्पादित वस्तु खुवाउने मात्रै रहेको छ’ अध्यक्ष बस्नेतले बताए । सहकारीले ४२ वटा उत्पादित सामग्री विक्री गर्ने गरेको छ । यो तेस्रो बिक्री केन्द्र भएको संस्थाका व्यवस्थापक राजाराम थापाले बताए । सर्वोत्तम ब्राण्डमा चनाको सातु, फापरको पिठो, मकै, तोरीको तेल, दाना, दाल, गेडागुडी लगायत थुप्रै वस्तुहरु खरिद गरी बिक्री गर्ने गरेको थापाले बताए ।

सहकारीले कमानेबाट र हेटौंडा-४ खोपेगल्लीबाट पनि उत्पादित वस्तुहरु बिक्री गर्दै आइरहेको छ । कार्यक्रममा दुबै सहकारीका पदाधिकारी, सञ्चालक सदस्य, सल्लाहकारहरु, शेयरसदस्यहरुको उपस्थिति रहेको थियो ।

बागमतीमा मन्त्रालय गाभिँदैः

# संगठन तथा दरबन्दी यकिन गर्न सचिवको नेतृत्वमा समिति

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/बागमती प्रदेश सरकारले मन्त्रालयहरु गाभ्ने भएपछि प्रदेश सरकारका लागि आवश्यक संगठन तथा दरबन्दी यकिन गर्न समिति गठन गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसहित हाल १४ मन्त्रालयलाई गाभेर आठवटा मन्त्रालयमा झार्ने भएपछि प्रदेश सरकारका मन्त्रालय, निकाय र आयोगमा हाल रहेको संगठन तथा दरबन्दीमा कटौती गरिने भएको छ । प्रदेश सरकारका सचिवहरुको बैठकले प्रस्तावित आठवटा मन्त्रालय मातहतमा रहने संगठन तथा दरबन्दी यकिन गर्न मन्त्रालयका सचिवको संयोजकत्वमा समिति गठन गर्ने निर्णय गरेको छ । बागमती प्रदेश सरकारका प्रमुख सचिव बाबुराम अधिकारीको अध्यक्षतामा बसेको बैठकले साविकको एक भन्दा बढी मन्त्रालय गाभिने हकमा त्यसरी गाभिने मन्त्रालयका सचिवमध्येको जेष्ठ सचिवको संयोजकत्वमा र अन्य सचिवहरु र आवश्यक पदाधिकारी सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति बनाउने निर्णय गरेको हो ।

बैठकले मन्त्रालय र मातहतको निकायको संगठन र दरवन्दी प्रस्ताव गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने गरी निर्णय गरेको छ । संगठन र दरवन्दी प्रस्ताव गर्दा यथासम्भव प्रशासनिक/चालुखर्च न्यूनतम हुने गरी संगठन तथा दरवन्दी प्रस्ताव गर्ने, गाभ्न मिल्ने कार्यालय गाभ्ने र हटाउन वा घटाउन मिल्ने संगठन तथा दरवन्दी हटाउने वा घटाउने र कानूनबमोजिम वा जिम्मेवारीको हिसावले औचित्यपूर्ण भएमा वाहेक निर्देशनालय हटाउने र ती निर्देशनालयले गरिआएको कार्य मन्त्रालयको महाशाखामार्फत् गर्नेगरी प्रस्ताव गर्न बैठकले निर्णय गरेको छ ।

यस्तै एकै मन्त्रालय अन्तर्गत रहने कार्यालय छुट्टाछुट्टै रहनुपर्ने औचित्यपूर्ण अवस्थामा बाहेक आपसमा गाभ्ने, मुख्य कार्य गर्ने दरवन्दी प्रस्ताव गर्न प्राथमिकता दिने र सहायक कार्य गर्ने दरवन्दी अति आवश्यक र न्यूनतम प्रस्ताव गर्ने, सेवा करारमा लिने कार्यहरु कार्यालय सफाई, बगैंचा व्यवस्थापन आदिको लागि दरवन्दी प्रस्ताव नगर्ने र बजेट व्यवस्था गरी सेवा करार लिने व्यवस्था मिलाउने प्रस्ताव पठाउन निर्णयमा भनिएको छ । संगठन तथा दरवन्दी प्रस्ताव गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको स्वीकृत मापदण्ड समेतलाई आधार लिई प्रस्ताव गर्नुपर्ने निर्णय सचिवहरुको बैठकले गरेको छ ।

बैठकले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमाको लागि मन्त्रालयको अनुदान र कार्यालयका लागि कार्यालय कोड आवश्यक पर्ने भएकोले र बजेट सिलिङ दिनेकार्य अविलम्व गर्नुपर्ने भएकोले यो कार्यलाई उच्च प्राथमिकतामा राखी यथाशीघ्र सम्पन्न गर्ने व्यवस्था मिलाउने निर्णयमा उल्लेख छ । महालेखापरीक्षकको कार्यालयको चौथो, पाँचौ र छैटौं प्रतिवेदनमाथि बागमती प्रदेशसभाको सार्वजनिक लेखा समितिले छलफल गर्ने भएकोले प्रतिवेदनमा उल्लेख भएका बेरुजु फछ्र्यौटका लागि लेखा समितिसँग समन्वय गरी विवरण उपलब्ध गराउने र लेखा समितिको निर्देशनअनुसार गर्न गराउन प्रदेशका समितिको बैठकले निर्णय गरेको छ ।

मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयकाअनुसार गत भदौ महिनामा भएको जेनजी आन्दोलनमा जलेर नष्ट भएका कार्यालय सामान, सवारीसाधन, उपकरणको लिलाम तथा मिन्हा गर्न प्रदेश लेखानियन्त्रकसँग समन्वय गरी अगाडि बढाइने भएको छ । बागमती प्रदेश सरकारको गत वैशाख २२ गते बसेको मन्त्रीपरिषद् बैठकले आगामी साउन १ गतेबाट आठ वटा मन्त्रालय कायम गर्ने गरी निर्णय गरेको थियो ।

# भीमफेदीको न्यायिक समिति घलेगाउँ अवलोकनमा

साझाकुरा संवाददाता

हेटौंडा, ४ जेठ/मकवानपुरको भीमफेदी गाउँपालिका न्यायिक समितिको टोलीले अवलोकन भ्रमणका क्रममा घलेगाउँ पुगेर मेलमिलाप र पर्यटन व्यवस्थापनसम्बन्धी अन्तरक्रिया गरेको छ ।



भ्रमणमा न्यायिक समितिका संयोजक सञ्जीव श्रेष्ठ, सदस्य उदय हटुवाल, कर्मचारी, मेलमिलाप केन्द्रका प्रतिनिधि तथा स्थानीय सरोकार वालाको सहभागिता रहेको थियो । कार्यक्रममा क्व्होलासोथार गाउँपालिका वडा नं. ३ का वडाअध्यक्ष आशबीर गुरुङले घलेगाउँको पर्यटन विकासबारे जानकारी दिएका थिए । उनले २०५६ सालदेखि विभिन्न चुनौतीका बीच घलेगाउँमा पर्यटन व्यवसाय सुरु गरिएको बताए । प्राकृतिक सौन्दर्य, गुरुङ समुदायको मौलिक संस्कृति र यहाँबाट देखिने हिमाली दृश्यले घलेगाउँलाई विशेष पर्यटन गन्तव्य बनाएको उनको भनाइ थियो ।

सुरुमा १२ घरधुरीबाट सुरु गरिएको होमस्टे सेवा २०६७ सालमा जिल्ला प्रशासन कार्यालय लमजुङमा दर्ता गरेर व्यवस्थितरुपमा सञ्चालन गरिएको जानकारी उनले दिए । स्थानीय समुदाय र पत्रकारको सक्रियताले घलेगाउँको प्रचार प्रसार बढ्दै गएको र अहिले खेलकुद, सांस्कृतिक कार्यक्रम तथा अन्य गतिविधिमार्फत् यसलाई थप चिनाउने काम भइरहेको उनले बताए । हाल सुधारिएको होमस्टे संरचना, एकीकृत मेनु र पर्यटन व्यवस्थापन समितिको नियम अनुसार सेवा सञ्चालन भइरहेको जनाइएको छ ।

घलेगाउँमा अहिले करिब ३५० जना पर्यटक बस्न सक्ने क्षमता रहेको छ । गाउँका विभिन्न टोलमा आमा समूह गठन गरेर फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाइएको छ भने नियमित सांस्कृतिक नृत्य प्रस्तुतिमार्फत पर्यटकलाई स्थानीय संस्कृति अनुभव गराउने गरिएको पर्यटन व्यवसायीले बताएका छन् । अन्तरक्रियामा सहभागी भीमफेदी गाउँपालिकाको टोलीले समुदायको एकता, व्यवस्थित पर्यटन सञ्चालन र मेलमिलापमैत्री अभ्यासलाई राम्रो उदाहरणकारुपमा लिएको जनाएको छ । वडाअध्यक्ष गुरुङले गाउँपालिकाको न्यायिक समितिमार्फत् स्थानीयस्तरमा भएका विवाद वडा र पालिकामै मेलमिलापका माध्यमबाट समाधान गर्ने अभ्यास भइरहेको जानकारी दिएका छन् ।


## हार्दिक समवेदना



**जन्मः** २०५१/०९/११

**स्वर्गारोहणः** २०८३/०१/२४

स्व. नेन्सी के. सी.

यस पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.का कर्मचारी **नेन्सी के. सी.** को असमायिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै धर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

अजय मानन्धर (अध्यक्ष) एवम्


**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

हेटौंडा-२, मकवानपुर




## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक, हेटौंडा मोडल अस्पताल पछाडि




**सम्पर्कः**
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८३/०२/०१ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- धन कुमारी विश्वकर्मा (पत्नि)* *जग्गावाला-विष्णु बहादुर विश्वकर्मा (पति)*

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. २ को तपशिल बमोजिमका जग्गा विष्णु बहादुर विश्वकर्माको नाममा नापी नक्सा भएको र हटियामाडी मौजाको रैति नं. २२२ को रैती विष्णु बहादुर विश्वकर्मा भन्ने विष्णे कामीको नाममा साविक भोग लगत कायम भई उल्लेखित तपशिलका जग्गा दर्ता गर्न छुट भएकोमा निज फिल्डबुकवाला विष्णु बहादुर विश्वकर्माको मिति २०५८/०९/१६ मा मृत्यु भएको र निजको हकखाने नजिकको हकदार एक मात्र पत्नि धन कुमारी विश्वकर्मा तथा दुई छोराहरु भेष बहादुर विश्वकर्मा र अम्बर बहादुर विश्वकर्मा भएकोमा भेष बहादुर विश्वकर्माको पनि मिति २०७९/०६/३० मा मृत्यु भईसकेकोले निजको हकखाने एक मात्र पत्नि तिर्थ कुमारी विश्वकर्मा भएको, साविक भोग लगतमा उल्लेख भएको लगतवाला विष्णे कामी र अन्य कागज प्रमाणहरुमा भएको विष्णु बहादुर विश्वकर्मा फरक-फरक व्यक्ति नभई एकै व्यक्ति भएकोमा उल्लेखित तपशिलका जग्गा फिल्डबुकवालाको मृत्यु पूर्व निजले नै र निजको मृत्यु पश्चात निजका हकदार पत्नि तथा छोरा बुहारीहरुले नै साविक देखि हाल सम्म निरन्तर रुपमा हकभोग तथा भोग चलन गरी आएकोले हकदार छोरा अम्बर बहादुर विश्वकर्मा र बुहारी तिर्थ कुमारी विश्वकर्माको मंजुरीले निवेदक पत्नि धन कुमारी विश्वकर्माको नाममा एकलौटी छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगर पालिका १७ नम्बर वडा कार्यालयको च.नं. ५११९ मिति २०८१/०२/२९ को हकदार तथा हकभोग खुलेको छुट जग्गा दर्ता तथा नामसारी सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, च.नं. २२३६ मिति २०८२/१०/०८ को विष्णु बहादुर विश्वकर्मा र विष्ण कामी एकै व्यक्ति भएको किटानी सिफारिस पत्र, नाता प्रमाणित प्रमाण पत्र, मृत्यु दर्ता प्रमाणपत्रहरु, नागरिकता प्रमाणपत्रहरु, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं./मि.नं.२७६ मिति २०८२/१०/०९ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित तपशिलका जग्गा निवेदकको माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकको माग दावी सत्य नभई झुठा भए वा निवेदक तथा मंजुरी सहिछाप गर्ने बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू- संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संर चनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र भूमि प्रशासन कार्यालय मकवानपुरमा स-प्रमाण दाबी- उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | विष्णु बहादुर विश्वकर्मा हटिया गा.प. ठूलो गंगटे बाबु-इन्द्र बहादुर बाजे- मानविर | हटिया | २ | ५०० | ०-१७-१० | धन कुमारी विश्वकर्मा | जि.म. हटियामाडी मौजाको २२२ नं रैति विष्णे कामी |

*ईति संवत २०८३ साल जेष्ठ महिनाको ०१ गते रोज ६ शुभम्..................।*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना